आज मिति २०८१।०४।०२ गते (ने.स.[illegible] दिल्लाथ्व एकादशी) शुकबारका दिन दिनको १:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँकार्यपालिकाको आ.व. २०८१/८२ को पहिलो बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| १. रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८१।०४।०२ गते

समय : दिनको ०१:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०३।२९ गते

## मिति २०८१।०४।०२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

प्रस्ताव नं १ आ.व. २०८०/८१ को बजेट खर्च समीक्षा,

प्रस्ताव नं २ लेखा अधिकृत नियुक्ति सम्बन्धमा,

प्रस्ताव नं ३ आय ठेक्का लाग्ने स्थानको व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं ४ विपत व्यवस्थापन सम्बन्धमा

विविध

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाखुरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल गर्दा गत आ.व. २०८१।८२ मा कुल बजेट रु ५७३८८७६००/- मध्ये कुल खर्च रु ४४,७६,७५,४६०.२७/- (७८ प्रतिशत) भएको जानकारी प्राप्त भयो । जसमा पुजिगत बजेट रु २०८९९४००० मध्ये कुल खर्च रु १३,८०,६६,८२६.७८/- (६६.०६ प्रतिशत) र चालु बजेट रु ३६४८९३६०० मध्ये कुल खर्च रु ३०९६०८६३३.४९/- (८४.८५ प्रतिशत) भएको जानकारी प्राप्त भयो ।

निर्णय नं २ ,

प्रस्ताव नं २ उपर छलफल गर्दा गण्डकी प्रदेश लोकसेवा आयोगको सूचना नं २३३/२०८०-०८१ मिति २०८१/०३/२८ गतेको सिफारिस सम्बन्धी सूचना अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन सेवा, लेखा समूहमा खुला प्रतिस्पर्धाबाट सिफारिस भई आउनु भएका नवीन पौडेललाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ अनुसार मिति २०८१।०४।०१ गतेबाट लागु हुने गरी यस गाउँपालिकाको लेखा अधिकृत पदमा नियुक्ति दिने ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा आर्थिक बर्ष २०८१/८२ को लागि आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बोलपत्र आह्वान गरिएको सम्बन्धी सूचना कार्यालयबाट मिति २०८१।०३।३१ गते रिखार राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको जानकारी प्राप्त भयो । चालु आ.व.को आय ठेक्काको सम्झौता नहुदा सम्मको लागि आय ठेक्का लाग्ने स्थानहरुमा प्रवेश शुल्क तथा क्यान्टिङ सञ्चालनको लागि तपसिल बमोजिमको तपसिल बमोजिमको शुल्क लिएर सम्झौता गर्ने ।

१) पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन — रु १२,०००/-
२) भु.तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन- रु १५,०००/-
३) पाउद्वार तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन — रु ५,०००/-

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा अविरल बर्षाको कारणले धेरै धनजनको क्षति भैइरहेकाले तत्काल राहत तथा पुनस्थापना कार्यलाई अघि बढाउने । साथै विपद् व्यवस्थापनको लागि त्रिपाल, ग्याविन जाली माग गर्दा सम्बन्धित वडाको सिफारिस, प्रहरी सर्जमिन मुजुल्का, सम्बन्धित व्यक्तिको

अमृत सुवेदी
...नीय अधिकृत

...कुमार पुन

नागरिकतामा माग गर्ने । कार्यालयमा मौज्याद रहेका सामग्री मौज्दातबाट नै वितरण गर्ने, मौज्दात नभएको तर अत्यावश्यक भएका सामग्री तत्काल सोझै खरिद गरी उपलब्ध गराउने ।

निर्णय नं ५

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको बमोजिम गर्ने ।

१) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ सम्पति तथा जिन्सि मालसामनको निरिक्षण गर्ने व्यवस्था भएकाले प्रशासकीय अधिकृत हरिकृष्ण आचार्यको संयोजकत्वमा गठन भएको ३ सदस्यीय जिन्सी निरिक्षण समितिले २०८१ साउन १७ गते सम्म वडा कार्यालय, स्वास्थ्य चौकीहरु, गाउँपालिकाको कार्यालय, शाखाहरु, अध्यक्ष,उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको क्वाटरको जिन्सी निरिक्षण गरी सरकारी सम्पति तथा जिन्सी मौज्दात विवरण संकलन गर्न सहजिकरण गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष